नेपाल सरकार
गृह मन्त्रालय
कार्यालय :-०४१-४२००७५
०४१-४२०५१०
E-mail : daodhanusha20@gmail.com
dhanushaavilekh@gmail.com

# जिल्ला प्रशासन कार्यालय,धनुषा

जनकपुरधाम

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनुषा

पत्र संख्या : ०८२/०८३ (प्रशा.)
चलानी नं.:

मिति :- २०८२/०७/१४

## सार्वजनिक प्रदर्शन, ऱ्याली, सभा जस्ता कार्यक्रम गर्दा अनुमति लिने सम्बन्धी जरुरी सूचना ।

गृह मन्त्रालयको च.नं. ४८४ मिति २०८२/०७/०९ को पत्रानुसार नेपाली नागरिकलाई स्वतन्त्रताको हक अन्तर्गत शान्तिपूर्ण रुपमा भेला जम्मा हुन पाउने संविधान प्रदत्त अधिकारको सुनिश्चितता गर्दै जिल्लामा सार्वजनिक प्रदर्शन, ऱ्याली, सभा जस्ता कार्यक्रम गर्न अनुमति माग भएको अवस्थामा शान्ति, सुरक्षा लगायत जिल्लाको वस्तुस्थितिको विश्लेषण गरी उक्त कार्यक्रम संचालन गर्न देहायको ढाँचामा निवेदन लिई कार्यक्रम संचालन गर्न स्वीकृत प्रदान गर्ने भनी लेखी आएको हुँदा सोही बमोजिम उल्लिखित कार्यक्रम संचालन गर्ने पक्षले तोकिएको ढाँचामा निवेदन दिई स्वीकृत प्राप्त भए पश्चात मात्र कार्यक्रम संचालन गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अनुमति माग गर्ने निवेदनको ढाँचा यसैसाथ संलग्न छ ।

८२/७/१४

उमेश कुमार दाहाल
सहायक प्रमुख जिल्ला अधिकारी

मितिः २०८२।

श्रीमान प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय ..............।

विषयः सभा/जुलुस/र्‍याली/प्रदर्शनको कार्यक्रम गर्न स्वीकृती पाउँ।

उपर्युक्त सम्बन्धमा स्वतन्त्रताको हक अन्तर्गत शान्तिपूर्वक भेलाजम्मा हुन पाउने संविधानप्रदत्त अधिकारको उपभोग गर्दै म/हामी आयोजक भई देहाय बमोजिमको कार्यक्रम सञ्चालन गर्न गइरहेको व्यहोरा जानकारी गराउँदै तल उल्लेखित विवरण र सम्बद्ध कागजातहरू संलग्न गरी उक्त कार्यक्रम गर्न स्वीकृति पाऊँ भनी यो निवेदन पेश गर्दछु।

तपसिल

| क.सं. | कागजात | विवरण | कैफियत |
|---|---|---|---|
| १ | कार्यक्रम आयोजक संस्थाको नाम र ठेगाना: | | |
| २ | संस्था दर्ता नम्बर, दर्ता नविकरण भएको मिति र दर्ता रहेको कार्यालय: | | |
| ३ | संस्थाको प्रकृति | नाफामूलक वा गैरनाफामूलक, सरकारी वा गैरसरकारी, राजनीतिक/पेशागत/अनौपचारिक/अन्य | |
| ४ | कार्यसमितिका सदस्यहरू: | | |
| | नाम | ठेगाना | मोबाइल नं. |
| | | | |
| ५ | कार्यक्रमको उद्देश्य | | |
| ६ | कार्यक्रम गर्न चाहेको स्थान | | |
| ७ | कार्यक्रमको मिति/समय र अवधि | | |
| ८ | प्रयोग हुने क्षेत्र/मार्ग र समय | | |
| ९ | अनुमानित सहभागी संख्या | | |
| ९ | अनुमानित स्वयमसेवक संख्या | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | प्रमुख वक्ताहरूको नाम | १.<br>२.<br>३.<br>४.<br>५. | | | |
| ११ | वितरण गर्ने सामग्री: | | | | |
| १२ | कार्यक्रममा प्रयोग गरिने ध्वनी प्रसारण यन्त्र/सञ्चार प्रसारण यन्त्र/उपकरण : | | | | |
| १३ | अनुमति माग गर्न आएको व्यक्तिको: | | | | |
| | नाम | मोबाइल नं. | स्थायी ठेगाना | हालको बसोबास ठेगाना | आयोजक संस्था/दलको पदीय जिम्मेवारी |
| | | | | | |
| १४ | कार्यक्रमका लागि समन्वयकर्ता/जिम्मेवार सम्पर्क व्यक्ति: | | | | |
| | नाम | मोबाइल नं. | स्थायी ठेगाना | हालको बसोबास ठेगाना | आयोजक संस्था/दलको पदीय जिम्मेवारी |
| | | | | | |
| १५ | कार्यक्रममा कुनै अन्य समूह वा संघसंस्थाको सहयोग वा समर्थन रहेको वा हुनेभए सोसमेत खुलाउने। | | | | |

संलग्न कागजातहरू:

१. संस्थाको आधिकारिक पत्र, संस्था दर्ता प्रमाणपत्र र संस्था नविकरण वा अध्यावधिक गरिएको पत्र।

२. सम्पर्क व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।

निवेदन गर्ने

दस्तखत:

नामथर:

वतन:

फोन नं.

नेपाल सरकार
गृह मन्त्रालय

## सार्वजनिक प्रदर्शन, र्‍याली, सभा जस्ता कार्यक्रम गर्दा आयोजकले पालना गर्नुपर्ने शर्तहरू

१. कार्यक्रम शान्तिपूर्ण, अहिंसात्मकरूपमा गर्नुपर्नेछ। सार्वजनिक शान्ति सुव्यवस्थामा कुनै प्रकारको बाधा पुर्‍याउन पाईने छैन।

२. कार्यक्रम गर्दा आम नागरिकको अधिकार हनन् नहुने गरी गर्नुपर्नेछ। सार्वजनिक आवागमनमा अवरोध वा अन्य कुनै प्रकारको बाधा व्यवधान गर्न पाईने छैन। साथै सार्वजनिक सेवा प्रवाह, अमनचैन र शान्ति सुरक्षाको स्थितिलाई चुनौती दिने, भड्काउवादी कुनैपनि प्रकारको गतिविधि गर्न पाईने छैन।

३. कार्यक्रममा नावालक, विद्यालय पोशाकका विद्यार्थी र विदेशी नागरिकहरूको प्रयोग गर्न पाईने छैन।

४. कार्यक्रम गर्दा कुनैपनि प्रकारको हात हतियार, विस्फोटक पदार्थको प्रदर्शन एवं प्रयोग गर्न पाईने छैन। अनुमति लिएर कार्यक्रममा प्रयोग गरिने ध्वनी प्रसारण यन्त्र/सञ्चार प्रसारण यन्त्र/उपकरण बाहेक अन्य कुनै प्रकारको रेडियो संचार सेटको प्रयोग गर्न पाइने छैन।

५. कार्यक्रममा राष्ट्रिय झण्डाको दुरूपयोग गर्न पाइने छैन।

६. कार्यक्रम गर्दा सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिमा कुनैपनि प्रकारको हानी नोक्सानी गर्न पाईने छैन। सार्वजनिक र निजी सम्पत्तिको हानी नोक्सानी भएमा क्षतिको मूल्यांकन गरी प्रचलित कानून बमोजिम आयोजकबाट क्षतिपूर्ति भराइने छ।

७. कार्यक्रम गर्दा सार्वजनिक स्थानमा फोहोर गर्न पाइने छैन र कार्यक्रमका क्रममा भएको फोहोरको उचित व्यवस्थापन आयोजकले नै गर्नु गराउनु पर्नेछ।

८. प्रमुख जिल्ला अधिकारीले तोकेको वा उपलब्ध गराएको स्थानमा मात्र कार्यक्रम गर्नुपर्नेछ। स्थानीय प्रशासनले निषेधित क्षेत्र घोषणा गरेका स्थानहरूमा कार्यक्रम गर्न पाइने छैन। सोही आदेशको पालना गर्नुपर्ने छ।

९. कार्यक्रममा आयोजक र सहभागि बाहेकका अन्य अनधिकृत व्यक्तिको घुसपैठ गर्न दिनुहुँदैन। घुसपैठ भएमा वा आयोजकको उद्धेश्य विपरीतका कार्य हुन थालेमा आयोजकले समन्वयकर्तामार्फत् तत्काल सो कुराको जानकारी स्थानीय प्रशासनलाई गराई कार्यक्रम स्थगन गर्नुपर्नेछ।

१०. मन्तव्य राख्दा वक्ताहरूले मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, साम्प्रदायिक सद्भावमा खलल पुग्ने गरी अश्लिल शब्द, वाणी लगायत घृणाजन्य अभिव्यक्ति वा व्यवहारको प्रयोग एवम् प्रदर्शन गर्न पाईने छैन।

११. कार्यक्रम गर्नुभन्दा कम्तिमा तीनदिन अगावै आयोजकले स्थानीय प्रशासनमा अनुमतिका लागि निवेदन दिनुपर्नेछ। एकैदिन एउटै स्थानमा एकभन्दा बढी व्यक्ति, समूह वा संघसंस्थालाई कार्यक्रमको अनुमति प्रदान गरिने छैन।

१२. स्थानीय प्रशासनबाट तोकिएका शर्तहरू अतिरिक्त प्रचलित कानून बमोजिम कार्यहरू पालना गर्नुपर्नेछ।

१३. विषयगत कानूनको साथै स्थानीय प्रशासनले आवश्यकता अनुसार तोकेको अन्य शर्तको पालना गर्नुपर्नेछ।

उपर्युक्त बमोजिमका शर्त पालना गरी कार्यक्रम आयोजना तथा सञ्चालन व्यवस्थापन गर्न मञ्जुर छु, छौं भनी सहीछाप गर्नेको:

नाम:

नेपाल सरकार
गृह मन्त्रालय

मिति................